दर्ता नं. ००२

गोरखापत्र

साप्ताहिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः सर्वे भद्राणि पश्यन्तु मा कश्चिद्दुःख भाग्भवेत्

[भाग ४१] [नेपाल, संवत १९९८ साल, कार्तिक १५ गते, शुक्रवार] [संख्या २७]

सवारी भयो

कार्तिक ८ गतेको दिन श्रीडाइरेक्टर जनरल अफ पब्लिक इन्सट्रक्शन प्रसिद्ध प्रवल गोरखा [illegible] मे. ज. शारदा शमशेर जंगबहादुर राणा एम० ए० को सपरिवार औपचारिक निमित्त मध्येशतर्फ सवारी भयो।

अमृत–जल

कार्तिक–शुक्ल १ मंगलवारदेखि मार्गशीर्ष कृष्णपक्ष २ गुरुवारसम्म स्वातिनक्षत्रको योग रहन्छ। आयुर्वेदको सिद्धान्तअनुसार यस नक्षत्रमा परेको पानीले मानिसको साथ रोग हटाउँछ रे। आयुर्वेदप्रेमीहरूले यस खोजीबाट फाइदा उठाउलान् कि?

जापानी–मन्त्रीमण्डलको त्यागपत्र

टोकियो, आश्विन ३० गते। प्रिन्सकोनोयो मन्त्रीमण्डलले राजिनामा गऱ्यो भनी अधिकृत तवरमा घोषित गरिएको छ। आज तेस्रो प्रहरमा प्रधानमन्त्रीले मन्त्रीहरुलाइ आफ्नो सरकारी निवासस्थानमा बेग्लाबेग्लै बोलाएर मन्त्रीमण्डलले राजीनामा गरेको कारण बुझाए।

समाचार–सार

—लार्ड वीवर बुढ्ले रेडियोमा एउटा भाषण दिँदै यस्तो भनेका छन्— [illegible] बेहोरेर पनि रूसीहरुको अतिरिक्त हदतामा केही फेरफार भएको छैन औ ब्रिटेन र अमेरिकाबाट रूसलाई बराबर मदत गैरहेको छ।

—रूसी फौजले एउटा नयाँ मशीनगन काममा ल्याइरहेछ। यसले एक मिनेटमा ६० चोटि गोली दाग्छ रे।

—आस्ट्रेलियन हवाई स्क्वाडरनहरूले यूरोप र मध्यपूर्वमा धुरीराष्ट्र (जर्मन–इटली) का १४० वटा विमान नाशिदिए।

—यूगोस्लाभियामा कम्युनिष्टहरुको एकदल—जसमा ३५ जना छन् रे—पक्राउ भए।

—दुश्मनकहाँ युद्धबन्दी भएर छुटेका लेफ्ट० कर्णेल एल० जोन्सको भनाइ छ—जर्मनी र अरू धुरी-देशहरुमा खानेकुराको सारै कमी छ। त्यसमा पनि ग्रीसका वासिन्दाहरुको दशा ता झन् सारै खराब छ, वहाँ मानिसहरु भोकभोकै मर्न लागिरहेछन्।

—रूसमा एउटा नयाँ तेलको खानी पत्ता लागेको छ। यस क्षेत्रमा धपाधप खन्ने काम पनि शुरू भैसक्यो।

—[illegible] फौजका केही अफिसर झिकिए।

—हल्याण्डको पनडुब्बीले दुश्मनको एउटा ३५०० टनको ठूलो जहाज डुबाइदियो।

—जर्मनी र अधिकृत यूरोपमा अशान्ति फैलिरहेछ। एसेनका जर्मन मजदूर (ज्यामी) हरुमा पनि असन्तोष फैलिरहेछ।

—मंगलवार राति मास्कोबाट फ्रान्सको नाउँमा यस्तो ब्राडकास्ट गऱ्यो—'रूसमा पेटाँ र लवल छैनन्' जर्मन लुटुवाहरु रूसका बाँकी प्रदेशहरुमा अनन्तकालसम्म ठक्कर खाइरहनु पर्नेछ, तर सोवियटजनसाधारणको अदम्य साहस र प्रतिरोध–शक्तिलाइ तोड्नु असंभव छ।

—o—

" जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी "

गोरखापत्र

नेपाल, कार्तिक १५ गते शुक्रवार १९९८

सुदूरपूर्वमा खतडा

जापानको कोनीय मन्त्रिमण्डलले इस्तिफा दिएपछि वहाँका सम्राट्ले जुन जनरल तोजीलाई नयाँ मन्त्रिमण्डल बनाउने आज्ञा दिएका छन्, उनी यसबखत वहाँका युद्ध-सचिव छन् औ जापानका युद्ध प्रिय साम्राज्यवादीहरुका एक प्रधान नेता संझिएका छन्। यी भन्दा पहिले १९३९ ई० मा जनरल अबे चार-पाँच महीनासम्म प्रधान मन्त्री भैरहेका थिए। उनले छोडेपछि जनरल तोजी नै पहिला जनरल हुन्, जो जहाल वैरन [illegible] हुन्। यो बडो बेस कुरा हो कि जनरल तोजी १९३८ ई० का प्रधान मन्त्री वैरन टानाकाको उस ममौरियलका पूरा समर्थक छन्, जसमा पशियालाई जित्नको निमित्त योजना छ। औ उसका तलाहरु निर्धारित गरिएका छन्। अहिलेसम्म तोजो मन्त्रिमण्डलका सदस्यहरुको नाम थाहा भएको छैन। तर एउटा यस्तो फौजी मानिस, जो मन्त्रिमण्डल बनाउँछ, उसमा फौजी मानिसहरुको नै भरमार हुनेछ यो निश्चित छ। पहिलेको मन्त्रिमण्डलले अमेरिकासित जो समझौताको कुराकानी चलाएको थियो अब त्यो पनि छिनिने जस्तो नै बुझिइसकिएको छ। किनभने जानकारहरुलाई जनरल तोजीको नियुक्तिले सुदूरपूर्वमा लडाइँ चल्नालाई केही सन्देह देखिन्न। लडाइँको यो खतडा कसरी टार्नसकिन्छ यससम्बन्धमा उनीहरु गम्भीरतासँग विचार गरिरहेका होलान्, जो प्रशान्तमहा सागरमा अशान्ति देख्न चाहन्न। तर जहाँसम्म अमेरिका आफ्ना भावहरुबाट, जापानले अब कुनै आक्रमणात्मक कार्य गऱ्यो भने उसको विरुद्ध कारवाइ अवश्य गरिनेछ भन्ने स्पष्ट गरोइन वहाँसम्म जापानी साम्राज्यवादी उफ्रन फालहाल्नलाई वन्द गर्नेछैनन् जस्तो छ।

जर्मन मास्को जाने सडकनेर

जर्मनहरु आफ्नो सैनिक-संख्या धेरै भएकोबाट फाइदा उठाएर मध्य रूसी मोर्चा (दिल्लाबन्दी) मा २ कोस अगाडि बढिसके औ अब मास्को जाने सडकको नजीक पुगिरहेछन्—भन्ने मास्को रेडियोको घोषणा छ।

कालिनीनदेखि ओरेलसम्म

सोवियट द्वारा जोरदार प्रतिरोध

[illegible] २९ गते। जर्मनरमा कालिनीनदेखि लिएर दक्षिणमा ओरेलसम्म मास्कोको रक्षा गर्ने तीन सोवियट पल्टनले १० हजार वायुयानहरुका दुइटा आकाशीबेडा साथ लिएर शत्रुका यांत्रिक हमलासित बडो दृढतापूर्वक मुकाबिला गरिरहेछन्। कालिनीन रूसी राजधानी मास्कोदेखि ४९ कोस उत्तर-पश्चिम अपर वोल्गाका सबभन्दा ठूलो व्यावसायिक शहर हो। त्यहाँको अबादी १४५ हजार छ।

दक्षिणी मोर्चामा अजावसागरको उत्तर जर्मन-हमलाको प्रगति (वेग) सेलाएको छ। लेनिनग्राडमा जर्मन-हमलाको कुनै ताजा खबर छैन। जुन मुख्य सडकबाट जर्मन-कमाण्डरले नयाँ फौज लेनिनग्राडमा लैजाने गर्थ्यो, त्यो सडक अब रूसको अधिकारमा छ।

लण्डनमा पुगेको खबरअनुसार यस्तो थाहा भएको छ—यूक्रेनमा ज्यादैनै पानी र हिउँ परेको र सडकको स्थिति असल नभएकोले जर्मनहरुको भारी तवरले हमला गर्ने काममा ठूलो बाधा भैरहेछ।

सातवटा शत्रुका जहाज

पर्सियन खाडीबाट भारत ल्याइपुऱ्याए

मेलबोर्न, कार्तिक ७ गते। आस्ट्रेलियन जल-सेनाको एउटा घोषणाबाट यस्तो थाहा भएको छ—आस्ट्रेलियन 'स्लूपमार्रा' र सशस्त्र व्यापारी जंगी जहाज 'कानिम्बला' ले पर्सियन खाडीमा सातओटा शत्रु-जहाजलाई पक्रेका छन्। गएको भाद्र १२ गते ती जहाज पक्राउ भएका थिए, अब भारतमा ल्याइपुऱ्याए। ईरानमा नाजी प्रवेश खतरनाक भएको अवस्थामा ती जहाजहरुमा अधिकार गरिएको हो।

नेपुल्समा लंकाकाण्ड

शाही विमानको सफलता

[illegible] कैरो, कार्तिक ७ गते। मध्यपूर्वको शाही हवाईसेनाका कार्यालयबाट एउटा यस्तो आशयको विज्ञप्ति निकालिएको छ—गएको कार्तिक ५।६ गतेको राति शाही हवाईसेनाका विशाल बमवर्षकहरुले नेपुल्सका केन्द्रहरुमा अत्यन्त सफलतापूर्वक हमला गरे। एउटा मालगोदाममा दाहकबम पर्नाले त्यसमा कैयौं ठाउँमा अग्निकाण्ड भयो। त्यसको प्रचण्ड ज्वाला पछिबाट खसालिएका ठूल्ठुला विस्फोटक बमहरुबाट झन् भयंकर देखियो। यो लंकाकाण्ड ४०० वर्ग गजसम्म राँकिएको थियो। यसको राँको एकातिर १ हजार फीट माथिसम्म उठेको थियो, अर्कातिर धुवाँको बादल दुइ हजार फीट माथिसम्म पुगेको थियो। यो दृश्य केन्द्रबाट ४० कोस टाढाबाट देखि देखिएको थियो। कैयौं घर पाताल भए औ एउटा रेलवे स्टेशनमा पनि आगलागि भयो। सिसलीमा पनि ब्रिटिश विमानहरुले कैयौं बम खसाले औ कटानिया र अरू शहरहरुमा पनि अग्निकाण्ड भएको छ। ब्रिटिश विमानहरु सबै सुरक्षित अवस्थामा फर्केर आएका छन्।

जर्मनहरुको हार

मास्कोमा रहेको रयुटरको संवाददाताको भनाइ छ—ब्रायन्स्कको मैदानमा जर्मनहरुको ठूलो हार भयो। पछिल्तिरबाट शत्रुको ठूलो सेना येरेमैंकोका यूनिटलाई घेरा दिने प्रयत्न गरिरहेको थियो अनि यस कुराको आशंका थियो कि यदि शत्रुको प्रयत्न सफल भयो भने येरेमैंकको सेना मुख्य सेनाबाट बिलकुल काटिनेछ। येरेमैंकहरुले आफ्ना सेनाको सानो भागलाई टिप्पाको बीचमा राखेर आफ्ना बाँकी सम्पूर्ण सेना लिएर पछिल्तिरबाट शत्रुमाथि प्रत्याक्रमण गऱ्यो। यस आक्रमणको फलस्वरूप शत्रुले बडो भारी क्षति उठाउनुपऱ्यो। घेरा दिने आफ्नो प्रयत्नलाई छोडिदिनुपऱ्यो। येरेमैंकहरुका यस आक्रमणबाट शत्रुहरुका बहुसंख्यक सैनिक हताहत भए औ घेरै ट्यांक नष्ट भए।

हिटलरसित केही गरे पनि हात मिलाइन्न

रयुटरको कूटनीतिक संवाददाता लेख्तछ—एकातिर ता जर्मन प्रचारविभाग गगनभेदी शंखध्वनिका साथ संसारमा यो प्रकट गरिरहेको छ कि रूसी–युद्धमा जर्मन मैदानका मैदान सर गर्दै अगाडि बढिरहेको छ। आर्कातिर तटस्थ–देशहरुमा त्यसभन्दा बढी नराम्रो कारबाईको परिचय दिइरहेको छ। स्पेनका समाचारपत्रहरु सन्धिका कुराहरुले भरिभराउ भएका देखिन्छन्। यस्तो गर्नाको तात्पर्य यो हो कि मित्र-राष्ट्रका युद्ध–प्रयासलाई प्रभावित गराउनु र मित्र राष्ट्रका मित्र सन्देह र फूटको बीउ रोप्नु।

यो भन्निरहनाको जरुरत छैन कि सन्धिविषयक हल्लाहरु बिलकुल झुटा हुन् औ ब्रिटिश राज–प्रतिनिधिको निमित्त यस प्रकारको चर्चा गर्नु ता ढाढाको कुरा छ। उनी सन्धिवार्तातर्फ घृणाको दृष्टि दिन पनि तयार छैनन्। यस सम्बन्धमा मि० चर्चिलले ब्रिटिश नीतिलाई बिलकुल साफ साफ शब्दमा स्पष्ट गरिदिएका छन् कि हिटलर अथवा नाजी सरकारसँग हाम्रो कहिल्यै सुलह हुनसक्तैन।

सोवियट बन्दीको हत्या

"रेडष्टार" को भनाइ छ कि अहिले हालैमा जर्मनहरुको एउटा खास फरमान सोवियट को हातमा पऱ्यो। यस फरमानको अनुसार शुनुवा तुल्याइने भएका सोवियट सैनिकहरुलाई जर्मनहरु मार्न तयार भैरहेका छन्।

घेरै किल्लाबन्दी तोड्यौं भन्ने नाजी दावा

वेलायत, कार्तिक २ गते। शुक्रवारको राति सरकारी जर्मन संवादसमितिले यो दावा गरेको छ कि प्रबल प्रतिरोध हुँदा हुँदै पनि नाजी सेना मास्कोको मैदानमा कैयौं सोवियट किल्लाबन्दीहरुलाई तोडेर अगाडि बढ्यो। यसो पनि भन्छन् कि मैदानका केन्द्रीय भेकमा जर्मन पैदल डिभिजनका सेनाले बृहस्पतिवारका दिन ट्यांकहरुका मद्दतले सोवियट किल्लाबन्दीहरुमा आक्रमण गऱ्यो। ती किल्लाबन्दीहरुलाई तोडेर नाजीसेना अगाडि बढ्यो। त्यो ठाउँमा खास तवरले सोवियटको मोर्चाबन्दी बडो प्रबल थियो, किनभने त्यहाँका सेनाको मद्दतलाई नवजवान सैनिक विद्यार्थी र अरू संरक्षित सैनिक पुगेका थिए। जर्मन सरकारी संवाद समितिले यो घोषणा पनि गरेको छ कि विहीवारको राति मास्कोमा जर्मन बमबाजहरुका हवाई आक्रमणको फलस्वरूप मास्कोका केन्द्र र मोस्कावामा भयंकर अग्निकाण्ड भयो।

रूसी सेनाले ओडेसा खाली गरे

सोवियट विज्ञप्तिको भनाइ छ कि ओडेसा ठीक समयमा बहुतै व्यवस्थित हिसाबसँग खाली गरिदिइयो। सेनाहरु मैदानका अरू टिप्पामा सारिए। सेनाहरुलाई जहाजी बेडा द्वारा स्थानान्तरित गर्नामा कुनै तरहको क्षति भएन। सुप्रीम हाईकमाण्डको निर्णयानुसार ओडेसाबाट सोवियट सेनालाई स्थानान्तरित गरियो।

१० हप्तासम्म लडाइँ गरेपछि, जसमा हतियार पक्रन लायक सबै नरनारी र बालकहरुले यो ऐतिहासिक युद्धमा भाग लिए, ओडेसालाई पूर्ण सुव्यवस्थित ढंगले खाली गरिदिइयो। हुनलाइ ता ठाउँको नाउँ बताइएको छैन, तथापि यस्तो बुझिन्छ कि ओडेसाबाट सेनाहरुलाई क्रीमियामा पठाइएको छ। वहाँ सेवास्टोपोलको महत्वपूर्ण जहाजीबेडामा ती बडा सहायक सिद्ध हुन्छन्। क्रीमियामा हुने जर्मन आक्रमणहरुको मुख्य लक्ष्य सेवास्टोपोल हो। ओडेसामा आक्रमण गर्दाखेरि जर्मनहरु र रुमानियनहरुको भारी क्षति भएको छ। अनुमान गरिएको छ कि रुमानियाका सयकडा ४० सैनिक त्यो लडाइँमा सिद्धिएहोलान्।

कालिनीनको भेकमा ठूलो युद्ध

'रेडस्टार' लेख्तछ कि कालिनीनको भेकमा डरलाग्दो युद्ध भैरहेको छ। शत्रु बम्बार्ड गर्दै अगाडि बढिरहेका छन्। जर्मन ट्यांक र कवचदार कारको उपयोग गरिरहेका छन्। सोवियट सेनाहरु पहिलेको जस्तै जोर शोरका साथ प्रत्याक्रमण गरिरहेका छन्। घेरै युद्धभेकहरुमा जर्मनहरुको प्रगति रोकिएको छ। शत्रुको एउटा प्याराशूट नष्ट गराइयो।

मास्कोको बाहिरी किल्लाबन्दी

भेग गऱ्यौं भन्ने नाजी दावा

बर्लिन, कार्तिक ७ गते। दक्षिण–पश्चिम र पश्चिम दिशा तर्फबाट मास्कोको बाहिरी किल्लाबन्दी तोडिदिइयो भनी जर्मन विज्ञप्तिमा दावा गरिएको छ। विज्ञप्तिमा यसो पनि भनिएको छ—सबभन्दा अगाडि बढेर गएको जर्मन फौज मास्को तर्फ करीब १८॥ कोस अगाडि बढ्यो। हिजो राति मास्कोमा भीषण बम–वर्षा गरियो।

—०—

मास्कोको लडाइँ

रूस-जर्मनसंग्रामको चौथा महीना खतम भैसक्यो। तीं गएका धेरै दिनभित्र जर्मनसेनाहरुलाई निस्सन्देह बहुत सफलता प्राप्त भएको छ औ उनीहरु बीसौं कोस अगाडि बढेर राजधानी मास्कोमा खतडा उपस्थित गर्नामा समर्थ भएका छन्। यस वखत मास्कोको निमित्त धुमधामको संग्राम चलिरहेको छ। राजधानीवाट बुढा, केटाकेटी र स्वास्नीमानिसहरुलाई अन्ततिर सारिसके। अझ खवर यस्तो पनि छ कि विदेशी दूतावासका कर्मचारी र सोवियट गवर्नमेण्ट पनि वहाँवाट गैसके। तर यसको पुष्टि रूसको तर्फवाट अझसम्म भएको छैन। मास्कोवाट गएपछि नयाँ राजधानी कहाँ हुने हो यसको केही कुरा भनिएको छैन। तर केही दीन पहिले काजान भन्ने ठाउँमा अस्थायी रूपले राजधानी स्थापित गर्ने चर्चा थियो, यस निमित्त वहुत सम्भव छ कि त्यही ठाउँ सोवियट सरकारको राजधानी होस्। 'काजान' मास्कोदेखि पूर्व दुई सय कोसजति पर वेलगा नदीको पारिपट्टि पर्छ। रयटरको कूटनीतिक संवाददाताको "राजधानी सार्नाले, सोवियटले हिटलर र फ्यासिष्ट वादको विरुद्ध युद्ध जारी राख्न अटल र पक्का निश्चय गरिराखेको छ भन्ने कुरा सुस्पष्ट हुन्छ" भन्ने भनाइ अक्षरशः सत्य छ। जहाँ मास्कोमा जर्मन सेनाहरु जोरको आक्रमण गरिरहेका छन्, वहाँ गवर्नमेन्टले अन्यत्र जानु तर्कसंगत र असल रणनीति हो। कारण, यो स्पष्ट छ कि जुन ठाउँमा शत्रुले प्रत्यक्ष खतडा उपस्थित गरिराखेको छ उस ठाउँमा वसेर शासनव्यवस्था गर्नु अत्यन्त असम्भव हुनेछ। संवाददाताको भनाइ यो पनि छ—सोवियट सरकारले राजधानी सार्ने सम्भावना पहिले नै थाहा भएको थियो; यसै उसले, उसले २।४ हप्ता पहिले नै महत्वका पुराना सरकारी कागजपत्रहरु मास्कोवाट काजान पठाउने वन्दोवस्त गरेको थियो। तर यस प्रकार मास्को खाली गरिदिनाले यस्तो अर्थ लगाउन हुँदैन कि मास्कोको पतन अवश्यम्भावी छ या सोवियटसेना डराए। उल्टो त्यसवाट त यस्तो पो प्रकट हुन्छ कि चाहे मास्को जेसुकै भैरहोस्, परन्तु सोवियट रूस शत्रुसँग आखिरतक लडाइँ जारी राख्नालाई पहिलेको जस्तै कृतसंकल्प र अटल छ। मास्को भित्र काम गर्ने एका मजुरहरु अझ "हामीहरु अन्तिम शत्रुहरुलाई अव पनि देखाउँला" भन्दैछन्। १६ अक्टोवरको जर्मन सेनापतिको सूचनामा भनिएको छ कि "लडाई सोवियट राजधानीको वाहिरी किल्लावन्दीका धेरै ठाउँहरुमा भैरहेकोछ, जो राजधानीवाट लगभग १०० कीलोमीटर (६ कोस) टाढा छ।" विहीवारका दिन व्याहानै मास्कोरेडियोद्वारा राजधानीलाई ठूलो खतडा छ भनिएको थियो। पछि, जर्मनसेनाहरुमास्कोको अझ नगिच पुग्नमा कत्तिको सफल हुनसके यो केही थाहा पाइएको छैन। यसैवाट यो संझिन सकिन्छ कि मास्कोवाट मालताल र शान्तिहरुलाई अन्यत्र सोसार्ने काम सोवियट अधिकारीहरुको दूरदर्शितापूर्ण नीतिको परिणाम हो।

मास्कोको जापानी दूतावास

खाली गर्ने तैयारी

टोकियो, आश्विन ३० गते। सोवियट-सरकारले मास्कोमा रहेको जापानी दूतावासलाई 'खाली गरिदिनू' भन्ने सल्लाह दिएको छ रे।

लण्डनमा आएको एउटा रिपोर्टको अनुसार मास्कोको जापानी दूतावासका अफिसर र स्टाफका सदस्य अज्ञात ठाउँ तर्फ रमाना भैसके रे।

हवाइ हमला

लण्डन, आश्विन ३० गते। हिजो बुधवार राति शाही विमानहरुले पश्चिमी जर्मनीका केन्द्रहरुमा हमला गरे।

आज विहीवार विहान विमानविभाग तर्फवाट एउटा विज्ञप्ति निकालेर यस्तो सूचित गरियो—हिजो राति शत्रुका सारै थोरै विमानहरुले इंगल्याण्डका पूर्वीतटमा हमला गरे औ पूर्वी इंगल्याण्डका केही ठाउँहरुमा वम खसाले। यसवाट केही नोक्सान भयो, तर मानिस एकजना पनि परेको छैन।

सात हजार भारतीय

सवै युद्ध-मोर्चाहरुमा हताहत

लण्डन, कार्तिक २ गते। ब्रिटेनका युद्धउपमन्त्री लार्ड क्राफ्टले यसो भनेका छन्—सवै मोर्चा (किल्लावन्दी) हरुमा गरी जम्मा सातहजार हिन्दुस्थानी हताहत भएका छन्।

हाम्रो वास्तविक शक्ति र सहनशीलताको परीक्षा चाँडै नै हुने भएको छ। रूसमा जर्मन १४०० माइल (७०० कोस) लामो मोर्चामा लडाइँ गर्दै ४०० माइलसम्म अगाडि वढेर गैसके। अव [illegible] शस नांघेर याकूत र वाटूमा पुग्नेछन् भन्ने निश्चय छ। यदि यसै भो भने ईरानको सिमाना हाम्रा निम्ति वडो महत्वको हुन जानेछ।

जर्मन अफिसरको हत्या

बोर्डोमा ५० जना मानिस पक्राऊ

विशी, कार्तिक ६ गते। वोर्डो शहरमा हिजो राति चारजना नवयुवकले रिवाल्वरद्वारा एकजना जर्मन-अफिसरलाई मारिदिए। आक्रमणकारीहरुको उमेर १८-२० वर्षको जस्तो छ, चारै जना भागे। अधिकारीहरुले तिनीहरुको वदलामा ५० जना मानिसलाई पक्रेका छन्। भोलिपल्ट आधा रातसम्ममा पनि अपराधीहरु फेला परेनन् भने ती पचासैजनालाई गोली ठोक्ने रे।

—०—

रूस–जापान सन्धि

लण्डन, आश्विन २८ गते। मंचूको–मंगोलियन सिमानाका बारेमा रूस र जापानले एउटा सन्धि–पत्रमा सहि गरेका छन् भन्ने टोकियोबाट आएको एउटा रिपोर्टबाट थाहा भएको छ। यस सन्धिबाट दुवै देशका सिमाना बारेका समस्याहरु छिनाफानी हुनेछ।

चेंगचोमा भयानक लडाइँ

चिनियाँ फौज शहरमा पस्यो

शंघाइ, कार्तिक १ गते। उत्तरी हुनान प्रान्तका मुख्य रेलवे जंक्शन चेंगचोका वरिपरि भयानक लडाइँ भैरहेछ। स्थानीय चिनियाँ अखबारहरुको खबरअनुसार यस्तो थाहा भएको छ—चेंगचोका दक्षिणमा एउटा मुख्य ठाउँमा चिनियाँ फौजको फेरि अधिकार हुन जानाले सो ठाउँमा भयानक लडाइँ भैरहेछ। केही चिनियाँ फौज ता शहरमा पसि पनि सक्यो भन्ने चिनियाँहरुको दावा छ। त्यस शहरमा हप्तादिन अघिमात्रै जापानीहरुले अधिकार गरेका थिए।

मोजाइस्क भेकमा भयानक लडाइँ

'प्रवदा' अखबारका युद्ध–सम्वाददाताको खबरअनुसार मास्को मोर्चाका मोजाइस्क भेकमा विशेषरूपले घमासान लडाइँ भयो। 'डब्ल्यू' शहरको दिशामा शत्रुले हमला गऱ्यो। जर्मन ट्यांकहरुले दुइपल्ट रूसी ट्यांकतोड मशीनहरुमा हमला गरे तर ठूलो नोक्सान पारी तिनीहरूलाई पछाडि हटाइयो।

जर्मनीको कहाँसम्म घेरै नोक्सान भएको छ भने युद्धक्षेत्रका एक–एक इञ्च जमीन शत्रुका लाश र ध्वस्त लडाइँका सामानहरुले पुरिएको छ। केही गाउँहरूमा पनि रूसी फौजले अधिकार गऱ्यो, तर जब शत्रुले आफ्नू शक्ति बटुलेर सैनिक संख्यामा आफ्नू श्रेष्ठता स्थापित गऱ्यो, तब सोवियट सेनाले नयाँ ठाउँहरुमा फेरि आउनुपऱ्यो।

ब्रिटेन र अमेरिका

हमला हुँदाखेरि आइसल्याण्डको रक्षा गर्नेछन्

वाशिंगटन, कार्तिक १ गते। गत बृहस्पतिवारका दिन सीनेटर वाण्डेनवर्ग भएठाउँ एउटा चिठी पठाएर संयुक्तराष्ट्र अमेरिकाका सभर सेक्रेटरी मि० ष्टिम्सनले घोषित गरेका छन् कि आइसल्याण्डमा धुरीराष्ट्रको आक्रमणलाई ब्रिटिश र अमेरिकन सेनाहरु प्रत्याक्रमण गर्नेछन्। मि० ष्टिम्सनले मि० वाण्डेनवर्गलाई सूचित गरेका छन् कि संयुक्तराष्ट्र अमेरिकाका फौजहरु समस्त ब्रिटिश फौजहरुको स्थानलाई लिनेछन्। मि० वाण्डेनवर्गले सीनेटमा भने—संयुक्तराष्ट्र अमेरिकाले किन आइसल्याण्डको रक्षा गर्नु परेको त भने वर्तमान परिस्थितिले नमताई सक्रिय युद्धसंलग्नताको निम्ति बाध्य गर्दछ।

सूचना

गोरखापत्रमा, नेपालीहरुको बस्ति भएको सदर काँठ पहाड मध्येश लगायत चारै खुटको खबर छाप्नका निम्ति ठाउँठाउँमा (अर्थात्, हाम्रा सम्वाददाता नभएका ठाउँमा) सम्वाददाता (खबर पठाउने) हरुको जरुरत छ। खबर अनुसारको पैसा वा अखबार सम्वाददाताहरूले पाउनेछन्। सम्वाददाताहरु देखि बाहेक गोरखापत्रका ग्राहकहरुले पठाएका खबरको पनि सम्वाददाताहरुकै सरह उचित कदर गरिनेछ। सम्वाददाता सम्बन्धी सोधपुछ गर्ने र छाप्न लायक खबर पठाउने ठेगानाः—

सम्पादक–गोरखापत्र,
कान्तिपुर–जुद्धसडक,
नेपाल.

सूचना

संसारमा मानिसमात्रका निमित्त यह कृतिको उपयोगी पदार्थ छ त्यसको ज्ञान नभएको मानिस विरलै पाइएला। यस्तो अद्वितीय काम हाम्रो देशमा सर्वत्र प्रचार होओस् भन्ना निमित्त यस अड्डाबाट माहुरीको पुस्तक र आवश्यकीय हतौडीहरु समेत हुनेसम्म यहीं तयार गराई र नभएकामात्र देशबाट झिकाई परल मोलमा बिक्री र किस्तावन्दीमा समेत दिने बन्दोबस्त भएकोले सूचना दिने काम भएकोछ। यसबाट सबैले लाभ उठाउनेछन् भने पूर्ण आशा गरिन्छ।

ने. क. घरेलु इलमप्रचार अड्डा.

आवश्यकता छ

फरेस्ट एडभाइजरको आफिसलाई वार्षिक मो. रु.४८०। को खान्गीमा अंग्रेजी चिठ्ठीपत्र, टाइपराइटिंग र स्रेस्ताको काम समेत जान्ने एक क्लर्कको आवश्यकता छ. निजले फरेष्ट एडभाइजरका साथ बखत बखतमा मध्येश तराईको जंगलतर्फ पनि जानुपर्छ. उम्मेदवारहरुले कार्तिक १५ गतेभित्रमा दरखास्त पठाउनू.

सेक्रेटरी,
कृषिपरिषद्
डिल्लीबजार,

सूचना

नेपालको इतिहास शिल्पको अध्ययनका निमित्त श्री ३ महाराजका करुणाबाट सबै रैती–दुनियाँले म्यूजियम हेर्न पाउने भएका छन्। सरकारबाट बक्सेको यो शुभ–अवसर नगुमाउनुहोस्। स्त्री, पुरुषलाई नाममात्रको दर्शनी २ आना र बालकलाई १ आना तिरेमा म्यूजियममा भएका हरएक चीजबीज हेर्न पाउनेछन्। प्रत्येक शनिवार र सबैजस्तो विदाको दिन समेत म्यूजियम खुला रहनेछ। आउनुहोस्, मौका नचुक्नुहोस्, नेपाली इतिहासको ज्ञान बढाउनुहोस्।

एस्.एन्. सेन कीपर
नेपालम्यूजियम.

सोवियट विज्ञप्ति

सरकारी सोवियट सम्वादएजेन्सीको खबरअनुसार—मास्को मोर्चाका मोजाइस्क र माली यारोस्लोवेट्सका मेकहरुमा शत्रुले नयाँ फौज बटुलेर फेरि सोवियट किल्लाबन्दीलाई तोड्ने कोशिश गऱ्यो। त्यसको कैयौं खतरनाक हमलालाई भयंकर नोक्सान पुऱ्याएर विफल पारिदिइयो। जर्मनहरुले ओ' नदी तर्नालाई घेरैपल्ट कोशिश गरेका थिए रे।

क्रीमियाका मेकमा नयाँ हमला

मास्को रेडियोको खबर छ—क्रीमिया मेकमा नयाँ ढंगले जर्मनहरुल हमला गरेको सिलसिलामा ५ हजार जर्मन र रूमानियन सिपाही मारिए। जर्मनहरुले क्रीमिया जाने बाटोमा राति भयंकर धावा गरे। घमासान लडाइँ भैरहेछ। लालसेना दृढतापूर्वक आक्रमणकारीहरुसित मुकाबिला गरिरहेछ औ ठूलो नोक्सान पुऱ्याइरहेछ। भीषण ओकुलान लहेर पनि जर्मनहरुले सोवियट लाइलाई पछिल्तिर हटाउना निमित्त हुनसम्म मिहिरहेछन्।

भारतका जापानीहरु

कलकत्ताका ११० जना जापानीहरु मध्ये ७० जना जापानी बम्बईतर्फ रमाना हुने भए। भारतका अरू ठाउँहरुका जापानीहरु पनि बम्बई आएर कार्तिक १६ गतेको दिन 'हियेमारु' नामक जापानी जहाजद्वारा आफ्ना देशतर्फ रमाना हुनेछन्। जापान-सरकारले आफ्ना देशवासीहरुलाई लिनलाई यो जहाज पठाएको रे।

—बेंकटेश्वर.

रूसको गंभीर स्थिति

लार्ड वीवर ब्रुकको भाषण

लण्डन, कार्तिक ७ गते। लार्ड-सभामा भाषण दिंदै लार्ड वीवर ब्रुकले यसो भने—'रूसको स्थिति गंभीर छ, तर घेरै कुरामा यो हाम्रो १९४० को स्थिति भन्दा भिन्न छैन।'

'संयुक्तराज्य अमेरिका र ब्रिटेनले सोवियट रूसलाई अक्टूबर महीनामा जति महत्तदिने कबूल गरेका थिए, सो म ब्रिटेन फर्कनभन्दा अगाडिनै जहाजमा लादेर पठाइदिइयो।'

लार्ड समाले सबैको रायबाट एउटा प्रस्ताव पास गरेर रूसी मित्रहरुको वीरतापूर्ण प्रतिरोधको खूबसित तारीफ गऱ्यो।

चीनमा विषालु ग्यासको उपयोग

लण्डन, कार्तिक ७ गते। ब्रिटिश पार्लमेण्टमा एउटा प्रश्नको उत्तर दिंदै ब्रिटेनका परराष्ट्र उपसचिव मि० लाराइटले यसो भने—जापानीहरुले इचांगका वरिपरि हालैमा गरेको लडाइँमा विषालु ग्यासको उपयोग गरे भन्ने खबर छ। यस बारेमा जाँचबुझ भैरहेछ। आर्को प्रश्नको उत्तरमा उनले यसो भने—चीनको स्वाधीनता कायम राख्ना निमित्त ब्रिटेनले चीनलाई सबै कुराको मदत दिनेछ—यही ब्रिटिश सरकारको नीति हो।

अमेरिकाको तेल बसार्ने जहाज

टारपीडोको शिकार

न्यूयार्क, कार्तिक ७ गते। गएको हप्तामा 'डबल्यू-ओ टीगल' नाम्क एउटा तेल बसार्ने जहाज अमेरिकाबाट ब्रिटेन गैरहेको थियो, त्यसलाइ टारपीडोले डुबाइदियो। यो जहाज अमेरिकाको रे।

सोवियट फौजले टैंगनरोग खाली गरिदियो

लण्डन, कार्तिक ७ गते। सोवियटको आधारातको विज्ञप्तिमा यस्तो बताइएको छ—कार्तिक ६ गते मैदान भरमा शत्रुसित हाम्रो फौजले मोर्चा (अड्डि) लियो। घेरै दिनको भयंकर लडाइँ भएपछि (जसमा शत्रुका ३५ हजार मानिस हताहत भए) हाम्रो फौजले टैंगनरोग खाली गरिदियो।

फ्रेञ्चमन्त्रीहरुलाई दण्ड

मार्शल पेटाँको भाषण

विशी, कार्तिक १ गते। राजनीतिक कौंसिलको मनाइबमोजिम मार्शल पेटाँले भूतपूर्व प्रधान मन्त्री मो० दलादिये, मो० लिओन ब्लम र भूतपूर्व कमाण्डर इनचीफ जनरल गेमलिनलाई एक किल्लामा, त्यस्तै फ्रान्सको पतनको बखतका प्रधानमन्त्री मो० रेनाड र उपनिवेश सचिव मो० मार्डेललाई एक किल्लाबन्दी स्थानमा नजरबन्द गर्ने आदेश दिएका छन्। भूतपूर्व गगनसचिव मो० गेल र सञ्जीकरणका भूतपूर्व नियन्त्रणकारी मो० जकीमेट बोरसोलमा नजरबन्द गरिइनेछन्।

मो० दलादिये, ब्लुम, गेमलिन, रेनाड र मार्डेललाई दिइएका सजायको उल्लेख गर्दै मार्शल पेटाँले एक भाषणको सिलसिलामा भने—जुन देश विश्वासघात गरेर शत्रुलाई समर्पित गरिएका छन् तिनलाई पूर्ण सत्यताको अधिकार छ। सजायहरुका विषयमा दिइने घोषणा गरिइनु पर्दछ। यसको प्रभाव मानिसहरु, रीत-चालचलन र राजनीतिमा पर्नेछ। राष्ट्रको दृष्टिकोणबाट भले जाम र हालको निर्णयमा राम्रो तवरसँग बिचार गरेर निर्णय गरेको छु हिजेआज प्रत्येक व्यक्तिले आफ्नो जिम्मादारी सम्झेर काम गर्नुपर्छ। आफ्नो जिम्मेदारीलाई बोकेर म मानिसहरुको अधिल्तिर उदाहरण पेश गर्दछु। गत अगस्त महीनामा मैले बुझेको थिएँ कि न्यायविभाग आफ्नो सतर्कता, ढिलोपन र प्रगतिबाट विस्तार-विस्तार देशको व्याकुलतालाई बढाइरहेको छ। म तपाईंलाई आश्वासन दिन्छु कि यदि तपाईंसित विश्वासघात गरिएको छ भने तपाईंलाई धोका दिइनेछैन, ममाथि विश्वास गर्नुहोस्। देशको भाग्यमा विश्वास गर्नुहोस्।

आइसल्याण्ड सरकारको राजीनामा

रेजाविक, कार्तिक ६ गते। आज आइसल्याण्ड सरकारले रिजेण्टको विशेष अनुरोधले राजीनामा गऱ्यो। नयाँ सरकार बढा नहुञ्जेललाई साविकवाला मन्त्रीमण्डलले काम चलाउने रे।

—०—

अमेरिकन जहाज डुब्यो

प्रेसीडेण्ट रूजवेल्टको वक्तव्य

वाशिंगटन, कार्तिक ५ गते । प्रेसिडेण्ट रूजवेल्टले यो घोषणा गरेका छन् कि अमेरिकन माल ओसार्ने 'लिहाई' भन्ने जहाज आइतवारको राति "अफ्रिकन वल्ज" दक्षिणीछेउमा टारपीडोको शिकार बनाइयो । प्रेसिडेंटले यो पनि भने कि हुन ता अहिले सम्म जहाजमा यति मानिस थिए भन्ने खबर पाइएको छैन; तर पनि थाहा पाइएको छ कि नाउभरका मानिसलाई बचाउन सकियो । दुइवटा लाइफ वोट अझसम्म वेपत्ता जस्तो भएका छन्; तिनको खोजी हुँदैछ । जहाजमा टारपीडोको वार जर्मन सवमेरिन वाहेक अरू कसले गरेका छैनन्, यसमा सन्देह छैन । "यो घटनाको निम्ति को जिम्मादार छ त ?" भनेर सोद्धाखेरि प्रेसिडेंटले व्यंग्य गरेर भने त्यसो भए तपाईं कसलाई सझनुहुन्छ ? अवश्य त्यो ब्रिटिश, अमेरिकन, फ्रेंच अथवा अर्जेण्टाईन सवमेरिन थियो ।

कोर्डल हलले ठीकै ता भने

प्रेसीडेंटले भने कि मि० कोर्डल हलले 'यो काम समुद्री लुटाहाको हो' भनेको ठीक छ ।

एउटा पत्रप्रतिनिधिले 'कीर्नी' काण्डमा चर्चा चलाउँदै मि० कोर्डलहलले अन्तरराष्ट्रीय लुटाहाहरुका अघिलितर जवान खाली गरिदिनाले केहीलाभ छैन भन्ने सझना गराउँदा प्रेसिडेण्टले भने म त्यो वक्तव्यको अक्षरशः समर्थन गर्दछु । जुन वखत 'लिहाई' डुवाइयो उसवखत संयुक्त राष्ट्रीय झण्डा फहराइरहेको थियो । यस्तो अनुमान छ कि मर्नेता कोही मरेको छैन, किन्तु टारपीडोको विस्फोटले घेरेजना मानिस घाइते भएका छन् ।

जहाज (४९८३ टन) स्पेनिश वन्दरगाह विलवाओमा माल उतारेर गोल्ड कोष्टतिर खाली (रित्त) फर्किरहेको थियो । त्यसमा ३७ जना मानिस वसेका थिए ।

हतियार–वन्द गराइयून्

प्रेसिडेण्टले भने कि वस्तुस्थिति जुन प्रकारको हुँदै गएको छ त्यसलाई देख्दा खेरि यो आवश्यक छ कि यहाँवाट कयूवाको जाने जहाज हतियार सहित गराइयून्, किनभने यसरी जानु खतडायुक्त छ । सवलाई हतियार सहित गराउनु पर्दछ ।

दक्षिण अटलाण्टिकमा सफर गर्ने सवमेरिनहरुको अड्डा कहाँ छ ? भनेर सोद्धा प्रेसिडेण्टले भने कि केही ता अधिकृत फ्रान्सवाट आउँछ औ केही विभिन्न स्थानहरुमा टयांकर जहाजहरुवाट अलिकति दाउरा पानी पाइन्छ । यदि कुनै एउटा निश्चित अड्डा भएदेखि ता हामीहरु तिनको एत्ता लगाउन सक्ने थियौं । अफ्रिकाको नगीचका छोपहरुजर्मन सवमेरिनको अड्डाको काम दिन्छन् भन्ने कुरा सरासर झूठा ई थाहा छैन । 'के अमेरिकन जलसेनाले कनाडियन पोर्ट हेलीफ्याक्स पारका कमाण्डरले लिएको छ ?' भनेर सोद्धाखेरि प्रेसिडेन्टले भने—यसकिसिमका केही कुरा एउटा कनाडियन अखवारमा मैले पढेको छु, किन्तु यस्तो कुनै कुरा होइन । यस सम्बन्धमा तत्काले कुनै कारवाई होला भन्ने आशा छैन । तर कनाडियन अमेरिकन डिफेन्सवोर्ड यस कुरामा विचार गरिरहेको छ कि आक्रमणको हालतमा यस प्रकारका ठाउँको रक्षा सम्मिलित रूपले गरिनु पर्छ ।

'यदि कनाडियन जहाजीवेडा आइसल्याण्डको पूर्वतिर वढ्यो भने के संयुक्तराष्ट्र कनाडियन सी वोर्डको रक्षाको भार आफूले वोक्छ' भनेर सोद्धाखेरि प्रेसिडेंटले स्पष्ट कुरा केही न भनेर सिर्फ यति मात्र भने कि कुनकुन अड्डाहरुवाट काम लिइएला यो कुरा अहिले भन्न सकिन्न ।

—०—

समुद्रमार्गबाट ओडेसा खाली तुल्याइन लाग्यो

जर्मनहरुले शहरको रक्षात्मकपंक्ति तोडिदिए

लण्डन, आश्विन ३० गते । स्विसरेडियोको भनाइअनुसार रूसीहरुले जल-मार्गबाट ओडेसालाई खाली तुल्याउन लागिरहेछन् रे ।

सरकारी जर्मन समाचार एजेन्सीको भनाइ छ—हाम्रो फौजले ओडेसाका रक्षात्मक पंक्तिलाई तोडिदियो औ सारा मोर्चामा शत्रु पछाडि हटिरहेछ । ८ बजेवर्लिन जी. एन. जे. एलजकावो डालंक र तारएत्या हाम्रो अधिकारमा छ । ओडेसा वरलगदा शब्द गरा वलिरहेछ ।

मंचूरियामा जापानी फौज बढाइयो

बेलायतमा रिपोर्ट आएको छ [illegible] मंचूरियामा जापानी फौजको संख्या [illegible] हाँवेर गरियो । यस वखत मञ्चूरियामा पाँचलाख जापानी सैनिक छन् । अब फेरि चाँडै नै ५ लाख सैनिक अरू पनि पठाइने भएका छन् ।

सुन, चाँदी, कस्तूरीको दरभाउ

सुन नेशनल ब्यांक तोला १ के	५८।
सुन मिन्ट पाटला तोला १ के	५५।
सुन तेजावी तोला १ के	५४।
चाँदी वर्मा तोला १०० के(मो.रु.तौ.)	७७।
चाँदी विलायती तोला १०० के	७९।
गिन्नी थान १ के	३७।
असर्फी कल्दार डवल १ के	५८।
असर्फी नेपालीपालिसदार(डवल)	१के५९।
ऐ वेपालिस "	५८।
ऐ पालिस पातला १ के	३०।५०
ऐ वेपालिस पातला १ के	३०।
कस्तूरी शुद्ध कछाडिया तोला १ के	२२।
कम्पनी १०० के	१२८।५०

साहू कीर्तिवहादुर केशरवहादुर
राजभण्डारी, नेपाल

सूचना

नेपोलियनको जीवनी

(सचित्र)

लेखक देवीप्रसाद रिमाल बी.ए.
शिक्षक दर्बारस्कूल नेपाल

एउटा अदना कर्सिकावासी वकीलका छोरा नेपोलियन बोनापार्ट एक दिन फ्रान्सका सम्राट् सम्म हुन पुगेका थिए। यति ठूला पराक्रमी पुरुषको जीवनीमा कस्ता कस्ता अद्भुत घटना घटे, कति लडाइँ लडिए, आखिरमा त्यति ठूलो पदबाट ओर्लेर कुन किसिमले तिनको शेष जिन्दगी बित्यो सारा वृत्तान्त जान्ने सुकसकलाई मेटाउन चाहने भए यस नेपाली भाषा प्रकाशिनी समितिबाट प्रकाशित भएको 'नेपोलियनको जीवनी' चाँडो किन्ने मौका छोप्नु पर्छ। यो पुस्तकमा राजभक्ति, सच्चा दाम्पत्य प्रेम इत्यादि सुगुणका दृष्टान्तहरु पनि छन्।

विद्यानुरागी श्री ३ महाराजबाट यस पुस्तकको कदर गरिवक्सी लेखकलाई उचित पुरस्कार समेत बक्सिएकोछ।

मूल्य मोरु. १।२५

पुस्तक पाइने ठेगानाः—

१. ने. भा.प्र. समिति।
२. काठ माडौंका हरेक पुस्तक पसल।

हिन्दुस्थानमा

३ वाइड एजेन्सी आफिस
६ एलगीनरोड, कलकत्ता।
४ नारायणदास ऐण्ड सन्स, दार्जीलिङ्ग।

सूचना

प्रजावत्सल कर्तव्यपरायण श्री ३ महाराजबाट आफ्ना प्यारा प्रजाहरुमा यनि आधुनिक यूरोपीय गति-विधिको ज्ञान हुँदै जाओस् भन्ना निमित्त यी तलका हिन्दी पुस्तिकाहरु झिकाई यस समितिबाट बिक्री गर्ने अनुमति बक्सेकोछ।

माइनकाम्फमे हरहिटलरका आत्मनिवेदन

लेखक आर. सी. के. एन्सर
अनुवादक— सत्यजीवन वर्मा एम्.ए.

यसमा जर्मन नेता हर हिटलरको माइनकाम्फ भन्ने पुस्तकमा लेखिएको आत्मनिवेदनको समालोचनात्मक रूपमा थैरै विषयको उल्लेख भएको छ। मूल्य मो.रु. ।१९

भारतवर्ष

मूल लेखक— एल. एफ रशब्रु बिलिएम्स
अनुवादक— रामनरेश मि. एम.ए.

[illegible] हिन्दू-मुसलमानहरुको दृष्टिकोण, भारतमा पाश्चात्य शिक्षाको प्रभाव, भारतसेन, भारतउपर ब्रिटेनको नीति इत्यादि विषयको यथावकाश उल्लेख भएको पुस्तिका रुचिकर छ। मूल्य मो. रु. ।१९

ब्रिटेनकी हवाइ ताकत

मूल लेखक— ई० कोल्स्टन शेफर्ड
अनुवादक—रामेश्वरप्रसाद जारुहार

यसमा हिजोआज लडाइँमा लडिरहेका विमानका बारेमा भरसक हवाई लडाइ सम्बन्धी र सो हवाई जहाज सम्बन्धी थैरै विषयको उल्लेख भएको छ। हरेक विभागमा यतिखेर केवल वायुयानको विशेष काम छ भन्ने इत्यादि राम्रो दर्शाएकोले युद्धमा हवाई जहाजको गति यस्तो हुँदो रहेछ भन्ने जान्न सकिन्छ। मूल्य मो. रु. ।१९

ठेगानाः—
ने. भा.प्र. समिति, नेपाल.

सदर बजारको दरभाउ

घिउ घानी १ के मो.रु.

खाऐको घिउ	३।२५
नखाऐको घिउ	३।६

तेल कुरुवा १ के मोरु

तोरीको तेल	।७२
मट्टितेल	।४८
तीलको तेल	।८०

अनाज मोरु १ के

मासीधान	।२।४
तौलीधान	।२।६
मसिनु चाँवल	।१
मासी चावल	।१।१५
तौली चाँवल	।१।३
हकुवा चाँवल	।१।३
मोदसे चाँवल	।१।३
टिकनबजी च्यूरा	।१।३५
लहयाबजी च्यूरा	।१।३
भासलो च्यूरा	।१।०
मासको दाल	।१।.५
मुगीको दाल	।।७।२।।
ऐ.को छाटा	।।४।५
गहत	।२।४
मुसुरोको दाल	।१।२
रहरको दाल	।१
डोलामास	।१
ठुला केराउ	।१
सानु केराउ	।२।१
ठु. भटमास	।२।५
सानु भटमास	।२।७
चना	।१।५
मकै	।२।५
गहुँ	।१।७
साबरीनून	।१।३
भोटेनून	।१

पिठो घानी १ के मो.रु.

मैदापिठो	।५०
मकैको पिठो	।३२
गहुँको पिठो	।४०
जौको पिठो	।३२

सम्पादक—प्रेमराज शर्मा, गोरखापत्र—छापाखाना नेपालबाट प्रकाशित.

This PDF you are browsing is in a series of several scanned documents containing the personal colleciton of Jagannath Bhattarai ji from Kathmandu, Nepal.

CV:

Jagannath Bhattarai
Date of Birth: 31 December 1960
Place of Birth: Kathmandu, Nepal
Address: Nagarjun (Ramkot), Kathmandu

Educational Qualifications
Bachelor of Science (B.Sc.) – Major in Biology
Master's Degree – Sociology & Anthropology
Shastri (Ongoing) – Balmiki Vidyapeeth

Professional Experience
Government School Teacher (Madhyamik Pratham Shreni)
Taught at Secondary Level (Madhyamik)
Taught at Higher Secondary Level (Uchcha Madhyamik)
Served as Head Teacher
Led academic and administrative development
Strengthened institutional performance and student outcomes

Areas of Interest
Sanskrit Vyakaran
Spiritual & Philosophical Studies
Educational Leadership

Digitization by eGangotri Trust
Funding by MIDF, New Delhi